६००१३९६

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १३१/२०७१/०७२
निर्णय नं.३१९

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स. ५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, काठमाण्डौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल.........................................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख (सचिव), वाणिज्य तथा आपुर्ति मन्त्रालय, सिंहदरबार, काठमाण्डौं........ १ विपक्षी
सूचना अधिकारी, वाणिज्य तथा आपुर्ति मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ..................१

विषय :- तामेलीमा राख्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स. ५ स्थायी घर भै हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२ काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले वाणिज्य तथा आपुर्ति मन्त्रालय, सिंहदरबार, काठमाण्डौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा पुनरावेदन गरेको । तत् सम्बन्धमा यस आयोगबाट मिति २०७१।०९।१ मा माग अनुसारको सूचना उपलब्ध गराउन आदेश भएको । उपर्युक्त अवस्था पछि लामो समयसम्म पनि पुनरावेदकले सुचना पाइन भन्न नआएकोले निजले भविष्यमा सूचना प्राप्त नभएको भनी उजूरी/निवेदन गरेमा थप कारवाही गर्न सकिने नै हुँदा हाललाई प्रस्तुत मिसिल तामेलीमा राखिएको छ । पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ साल मंसिर १५ गते रोज ३ शुभम ।